# एपीएफ स्तब्ध हुँदा रूकुम पश्चिम सेमिफाइनलमा

नेपाल समाचारपत्र, काठमाडौं

रूकुम पश्चिम ट्रेनिङ सेन्टर नवौं एनभीए च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ।

बिहीबार सम्पन्न तेस्रो क्वार्टरफाइनलमा रूकुमले नेपाल एपीएफ क्लबलाई ३-१ सेटले स्तब्ध तुल्याउँदै अन्तिम चारमा स्थान बनाएको हो। त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा भएको सो खेलको पहिलो एपीएफले जितेको थियो। तर, यसपछि रूकुमले



लगातार तीन सेट २५-२०, २५-१६ र २५-२० ले जितेको थियो।

यसअधिका क्वार्टरफाइनल खेलहरू जित्दै साबिक विजेता हेल्प नेपाल क्लब र नेपाल पुलिस क्लबले अन्तिम चारको यात्रा तय गरेका थिए। हेल्प नेपालले बूढानीलकण्ठ भलिबल क्लबको चुनौती ३-० को सोझो सेटमा समाप्त पारेको थियो। यस्तै, पुलिसले कोशी प्रदेश भलिबल संघलाई ३-० कै सोझो सेटमा पराजित गरेको थियो।

यसै गरी अन्तिम क्वार्टरफाइनल खेलमा त्रिभुवन आर्मी क्लब विजयी भएको थियो। आर्मीले खिल्जी युवा क्लबलाई सीधा सेटमा पराजित गरेको थियो। योसँगै आज हुने सेमिफाइनलका खेलहरूमा आर्मीले रूकुमसँग र पुलिसले हेल्प नेपालसँग खेल्ने छन्।

# सानदार जितसँगै राहुललाई उपाधि

नेपाल समाचारपत्र, काठमाडौं

एमेच्योर खेलाडी राहुल विश्वकर्माले सानदार जितसँगै सूर्य नेपाल गल्फ टुर २०२५-२६ को पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि जितेका छन्।

डिफेन्डिङ च्याम्पियन राहुल प्रोफेसनल र एमेच्योर दुवैतर्फको उपाधि जित्न सफल भएका हुन्। उनले प्रोफेसनल खेलाडी जयराम श्रेष्ठलाई १४ स्ट्रोकले पछि पारेर करियरकै तेस्रो उपाधि जिते। प्रतियोगिताको अन्तिम दिन बिहीबार ४-अन्डर ६८ स्कोर गरेका राहुलले समग्रमा १४ अन्डर २ सय ७४ सहितको स्कोरकार्ड बनाएका हुन्।

अन्तिम चरणको १८ होलको खेल सुरुआत हुँदा ५ स्ट्रोकको अग्रता रहेको राहुललाई अन्य खेलाडीले चुनौती दिन सकेनन्। फ्रन्ट नाइनमा ३ अन्डर ३३ खेलसँगै राहुलले उपाधि जित्ने लगभग निश्चित भएको थियो। राहुलले दोस्रो, तेस्रो, आठौं र नवौं होलमा बर्डी प्रहार गरे। पाँचौं होलमा एक सट खेर फालेका उनले १२ औं र १५औं होलमा बर्डी खेलेपछि ब्याक नाइन १ अन्डर ३५ मा सकाए।

जयरामले ५ ओभर ७७ स्कोरको खराब प्रदर्शन गरेपछि उपाधिबाट विमुख भएका हुन्। इभन-पार २ सय ८८ स्कोर गरेर दोस्रो स्थानमा रहे पनि उनले पहिलो पुरस्कार प्राप्त गरे। उनले १ लाख ७०




हजार नगद पुरस्कार प्राप्त गरेका हुन्। गल्फ प्रतियोगितामा एमेच्योरले उपाधि जिते पनि नगद पुरस्कार पाउँदैनन्।

समग्रमा २ ओभर २ सय ९० को स्कोरमा तोरणविक्रम शाही र भुवन नगरकोटीले संयुक्त रूपमा तेस्रो स्थान प्राप्त गरे। उनीहरूले १ लाख १२ हजार ५ सय नगद पुरस्कार हासिल गरे। यस्तै, नेपाल नम्बर एक प्रो निरज तामाङ समग्रमा ३ ओभर २ सय ९१ को स्कोरमा पाँचौं स्थानमा रहे। उनले ८२ हजार नगद पुरस्कार प्राप्त गरे।

अन्यमा, भुवनकुमार रोक्का, शुक्रबहादुर राई, दिनेश प्रजापति र एमेच्योर रूबेन थापा संयुक्त रूपमा छैटौं भए। उनीहरूले ६४ हजार ३ सय ३३ नगद पुरस्कार प्राप्त गरे।

७२ होलको प्रतिस्पर्धामा ३७ प्रोफेसनल र २५ एमेच्योर गरी कुल ६२ खेलाडीको सहभागिता रहेको थियो। जहाँ कट बनाउने १८ प्रोफेसनल गल्फरले नगद पुरस्कार प्राप्त गरे। सिजनको पहिलो प्रतियोगिताको कुल पुरस्कार राशि १० लाख ५० हजार रुपियाँ रहेको थियो।


## Roshi Rural Municipality
Amaltar, Kavre
Bagmati Province, Nepal

### NOTICE FOR TENDER PUBLICATION

**Date of Publication:- 2082/ 09/18**

This is to notify that online invitation for bids is published for following project listed in the E-GP System (https://bolpatra.gov.np/egp) of government of Nepal. Bidders can only bid electronically. For further details bidders are requested to visit the project office at amaltar, Roshi-7, Kavrepalanchok or PPMO' Website https://bolpatra.gov.np/egp

**Contract Details**

| Name of Project | Contract ID | Quantity | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| The Supply and Delivery of Stationery and Masalanda Saman Kharid | RRM/ SMSK/ G/02-082/83 | | 57,500/- | 3000/- |

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
## Federal Urban Development and Building Construction Office, Kaski

### Re-Invitation for Bids

**1st Date of Publication: 2082.05.10 BS**
**2nd Date of Publication: 2082.09.17 BS**

The DUDBC, Federal Urban Development and Building Construction Office, Kaski invites electronic bids from eligible bidders for the following works under NCB: Single Stage Double Envelope System Bidding Procedure.

| Contract ID | Name of Project |
|---|---|
| FUDBCO/KASKI/NCB/ WORKS/082/83/10 | Tanahun Jilla Bhanu Nagarpalika Ward No. 3 Sankhuli Kanle Chokali Tole hudai Chambas Dumre Besisahar sadak starunnati karya |

Bid Submission date: **2082.10.04 till 12:00 Hrs**, Bid Opening Date: **2082.10.04 at 13:00 Hrs**.

Eligible Bidders may obtain further information from Federal Urban Development and Building Construction Office, Kaski, Mobile no.:9856006066 or may visit PPMO's web portal ***www.bolpatra.gov.np/egp***.

**Office Chief**

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
## सेती प्रादेशिक अस्पताल
धनगढी, कैलाली, नेपाल

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित: मिति २०८२/०९/१८)**

यस अस्पताललाई आवश्यक पर्ने देहायको खरिद कार्य खुला बोलपत्र (E–GP) को माध्यमबाट गर्नका लागि बिद्युतिय बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

| सि.नं | बोलपत्रको विवरण | बोलपत्र नं |
|---|---|---|
| 1 | Procurement of stationary Item | SPH/NCB/Goods/02- 082/83 |
| 2 | Procurement of sanitary Item | SPH/NCB/Goods/03- 082/83 |

सूचनाको बिस्तृत विवरण **www.bolpatra.gov.np.egp** मा हेर्न सकिनेछ।

## बागमती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल

### कवाडी कर संकलनको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/१८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस कार्यालयका लागि कवाडी कर संकलन कार्य ठेक्का द्वारा सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक संघ, संस्था वा फर्मबाट तपसिलको शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउ पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो प्रकाशित गरिएको छ।

**ठेक्का सम्बन्धी शर्तहरू:**

१. शिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले १५औं दिन मिति २०८२/१०/२ गतेभित्र कार्यालयको राजश्व शाखाबाट रु. १,०००/- (फिर्ता नहुनेगरी) राजस्व बुझाई खरिद गरि ठेक्का प्रक्रियामा सहभागी हुन सकिनेछ।

२. दरभाउपत्र १६औं दिनको १२:०० बजे भित्र दर्ता गराइ सक्नुपर्नेछ। कार्यालयमा दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे कार्यालयको कर्मचारी र दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितीमा खोलिने छ। दरभाउपत्र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समय भित्र गरिनेछ।

३. यसका लागि भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को करचुक्ता पत्र तथा करचुक्ताको म्याद थप प्रमाणपत्र, फर्म/संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ।

४. आर्थिक वर्ष २०८२/०८३ को लागी न्यूनतम ठेक्का अंक रु. ४,५८,०००/- (अक्षेरुपी चार लाख अन्ठाउन्न हजार मात्र) VAT/TDS बाहेक कायम गरिएको छ। ठेक्का अवधी दुई आर्थिक वर्षको हुनेछ। ठेक्काको नविकरण प्रत्येक आर्थिक वर्षको बक्यौता भुक्तान गरिसकेपछि अघिल्लो आ.व. मा कायम गरिएको न्युनतम ठेक्का अंकमा १०% अप गरी न्युनतम अंक कायम गरिनेछ।

५. कबोल अंक अनुसारको रकम दुइ किस्तामा बुझाउनु पर्नेछ। पहिलो वा चालु आर्थिक वर्ष २०८२/८३ को निम्ति कबुल गरेको रकमको सत प्रतिशत बुझाए पश्चात मात्र सम्झौता हुनेछ। बाँकी रकम (आर्थिक वर्ष २०८३/८४) का लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०८४ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ। दोस्रो किस्ता २०८३ साउन १० गते भित्र बुझाउनु पर्नेछ।

६. ठेक्का नविकरण बापत बुझाउनु पर्ने रकम तथा कागजात २०८३ साउन १० गते भित्र बुझाए पछी मात्र नविकरण भएको मानिनेछ। सम्झौताका शर्त उलंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न सक्नेछ यसरी ठेक्का तोडिएमा सो अवधिसम्म बुझाउनु पर्ने रकमको दायित्वबाट उन्मुक्ति पाईने छैन सरकारी बाँकी सरह रकम असुलउपर गरिनेछ।

७. ठेक्का लिन चाहने इच्छुक व्यक्ति, फर्म वा कम्पनीले कबोल अंकलाइ आधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको कुमारी बैंक लि., बागमती शाखामा रहेको धरौटी खाता नं. ०७९००३४६९४२००००४ (ग-३ स्थानीय तह धरौटी खाता) मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको म्याद भएको बैंक ग्यारेण्टी संलग्न गर्नुपर्नेछ।

७. दरभाउपत्र सदर भएको दरभाउपत्रदाताले तोकेको समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ।

८. बन्द हड्ताल वा अन्य कुनै पनि कारणले राजस्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन।

९. सम्झैताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न सक्नेछ। यसरी ठेक्का तोडिएमा सो अवधिसम्म बुझाउनु पर्ने रकमको दायित्वबाट उन्मुक्ति पाईने छैन।

१०. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ। करका क्षेत्र र दरहरु यस गाउँपालिकाले तोके बमोजिम हुनेछ।

११. अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।

१२. कवाडी कर बागमती गाउँपालिकाको आर्थिक ऐन बमोजिम उठाउनु पर्नेछ यसमा उल्लेखित नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

१३. यस ठेक्का अन्तर्गतका दर तथा प्रक्रियामा द्विविधा पर्न गएमा सो को व्याख्या गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**

## रिलायन्स फाइनान्स लिमिटेडका
## ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति: २०८२/०९/१८)**

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपशिल**

**केन्द्रिय कार्यालय: कमलादी, काठमाडौं**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **नाम : यति ड्रग हाउस प्रा.लि** ठेगाना : काठमाण्डौ जिल्ला, अनामनगर वडा नं. २९ दर्ता नं.: २६५२६०/०७८/०७९ दर्ता मिति :२०७८/०४/०७ पान नं.: ६१००२९३३२ **कर्जा शिर्षक : व्यापारिक कर्जा** | **रोनिया शाह**को नाममा दर्ता रहेको सर्लाही जिल्ला, जब्दी, वडा नं. ०९, हाल लालबन्दी न.पा. वडा नं. ३ स्थित कित्ता नं. ८१ को क्षेत्रफल १-११-६-० तथा साविक बारा जिल्ला जितपुरसिमरा उप महानगरपालिका वडा नं. ०२ हाल, बारा जिल्ला जितपुरसिमरा उप महानगरपालिका वडा नं. ०३ स्थित कित्ता नं. २०९१, ४७३१ को क्षेत्रफल क्रमश: ०-०-१५-०, ०-०-१२-० जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। **अभय विक्रम शाह**को नाममा दर्ता रहेको साविक बारा जिल्ला, डुमरवाना, वडा नं. ०८, हाल बारा जिल्ला, जितपुरसिमरा उप महानगरपालिका, वडा नं. १४ स्थित कित्ता नं. ३३६५ को क्षेत्रफल ०-०-८-० को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। | **नाम : रोनिया शाह** ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ०२ हालको ठेगाना : ललितपुर जिल्ला, धापाखेल वडा नं. ०२ श्रीमान : अभय विकम शाह ससुरा : मनोहर शाह **नाम : काशी राम रानामगर** ठेगाना : लमजुङ्ग जिल्ला, नौथर वडा नं. ०२ हालको ठेगाना :काठमाण्डौ जिल्ला, टोखा वडा नं. १० बुवा : नरेश जङ्ग रानामगर बाजे : विरमान राना मगर | **नाम : अभय बिक्रम शाह** ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा.वडा नं. ०२ हालको ठेगाना :ललितपुर जिल्ला, धापाखेल वडा नं. ०२ बुवा : मनोहर शाह बाजे : टंक बहादुर शाह **नाम : आरजु शाह** ठेगाना : पर्सा जिल्ला, वीरगंज वडा नं. ०२ हालको ठेगाना :ललितपुर जिल्ला, धापाखेल वडा नं. ०२ बुवा : अभय बिक्रम शाह बाजे : मनोहर शाह |

**शाखा कार्यालय: बनेपा, काभ्रे**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **नाम : श्रेष्ठ प्रिन्टीङ एण्ड प्याकेजिङ प्रा. लि.** ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर ठिमी वडा नं. ३, निकोशेरा दर्ता नं : १७१५८६/०७४/०७५ जारी मिति : २०७४/०४/०९ पान नं : ६०५९१९६९५ **कर्जा शिर्षक : व्यवसायिक र क्यास क्रेडिट कर्जा** | **श्रेष्ठ प्रिन्टीङ एण्ड प्याकेजिङ प्रा. लि.** को नाममा दर्ता रहेको काठमाण्डौं जिल्ला साविक गोलढुङ्गा वडा नं. ०५, हाल तारकेश्वर न.पा वडा नं. ५ स्थित कित्ता नं. १९७९ को क्षेत्रफल ०-९-३-२ को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | **नाम : रविन राज श्रेष्ठ** ठेगाना : दोलखा जिल्ला, नाम्दु वडा नं.९, हालको ठेगाना : का.जि.का.म.न.पा वडा नं. ३१ बुवा : गोपाल श्रेष्ठ बाजे : धन बहादुर श्रेष्ठ **नाम : देबकी बस्नेत** ठेगाना : सोलुखुम्बु जिल्ला तिङला वडा नं. २, हालको ठेगाना : का.जि.का.म.न.पा वडा नं. ३१ बुवा: गाडुलध्वज बस्नेत पति : रविन राज श्रेष्ठ | **नाम : मुकेश लामिछाने** ठेगाना : सोलुखुम्बु जिल्ला थुलुङ दुधकोशी वडा नं. १, हालको ठेगाना : का.जि.का. म.न.पा वडा नं. ३१ बुवा : टेक बहादुर लामिछाने बाजे : सोभित मान लामिछाने |

**RELIANCE FINANCE LIMITED**
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वितीय संस्था)

**Head Office:** Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा